सरावल गाउँपालिका
Sarawal Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सरावल, नवलपरासी (Sarawal Nawalparasi)
लुम्बिनी प्रदेश, नेपाल(Limbini Province, Nepal)

पत्र संख्या/Ref.No :०८०/०८१
चलानी नं./Dis No:

## औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी शिलवन्दी दरभाउ पत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति :२०८०।१०।२४**

यस कार्यालयबाट चालु आ.ब.०८०।८१ मा सरावल गाउ कार्यपलिकाको कार्यालयको निर्णय बमोजिम शिलबन्दी दरभाउ पत्रको माध्यमद्धारा औषधी खरिद एवं आपुर्ति गर्नु पर्ने भएकोले नेपाल सरकारबाट उल्लेखित कार्य गर्ने इजाजत प्राप्त मुल्य अभिवृद्धि करमा दर्ता भएका स्थायी लेखा नं. प्राप्त गरेका र कर चुक्ता गरेका इच्छुक योग्य आपुर्तिकर्ताबाट देहायको शर्तहरुको अधिनमा रही रित पूर्वकको शिलबन्दी  दरभाउ पत्र आह्रन गरिएको छ ।

शर्तहरु:

१.शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्महरुले सम्बन्धित फर्महरुको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको निवेदन पत्रसाथै आर्थिक वर्ष ०८०।०८१ का लागि नविकरण गरेको फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको प्रमाण पत्र आर्थिक वर्ष ०७९।०८० सम्मको करचुक्ता प्रमाण पत्र साथै फर्म सँग सम्बन्धित अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि समेत संलग्न गरि रु १०००(एक हजार मात्र) प्रति थान शिलबन्दी दरभाउ पत्र दस्तुर कार्यालयमा बुझाई मिति:२०८०/११/०९ गते सम्म यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका शिलबन्दी दरभाउपत्र मिति: २०८०/११/१० गते दिनको १२ बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि बोलपत्र पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि छाप लगाई शिलबन्दी लाहा छाप लगाई कामको विवरण समेत उल्लेख गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। उक्त दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सोही दिनको १ बजे बोलपत्र दाता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधिहरुको रोहवरमा  खोलिने छ। बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभएपनि शिलबन्दी दरभाउ पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३.शिलबन्दी दरभाउ पत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्यवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

४.शिलबन्दी दरभाउपत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा अनिवार्य रुपमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक  परेमा अक्षरलाई मान्यता दिईने छ ।

५. शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ ।

६. शिलबन्दी दरभाउपत्रसाथ अनिवार्य रुपमा जमानत वापतको रकम तल उल्लेखित रकम सरावल गाउपालिका,नवलपरासीको रा.बा.बैक, परासी शाखामा रहेको धरौटी खाता **३१००१००३०३००००३ (ग-३)** मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ ।

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

७.कुनै पनि दरभाउपत्रदाताले एउटा मात्र दरभाउपत्र खरिद र दाखिला गर्न सक्नेछन । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

८.शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

९.रित नपुगी वा म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।

१०.नेपाल सरकारको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११.शिलबन्दी दरभाउपत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा १४ महिना म्याद भएको परफरमेन्स वन्ड (Performance Bond) पेश गर्नुपर्नेछ ।

१२.उपरोक्त बुदाँहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हनेछ ।

१३.शिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपशिल

| क्र. सं. | बस्तु तथा सेवा खरिद ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान रु.( भ्याट सहित) | जमानत रकम (रु.) | सिलबन्दी दरभाउ पत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | SRM/SQ/GOODS/1/2080/81 | शिलबन्दी दरभाउपत्र | औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद एवं आपुर्ति | १२८६९९८१४० | ३२,१७५/- | १०००/ |

प्रमुख प्रसाशकिय अधिकृत

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत